# स्थानीय सरकार
# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम भाग)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५१४००५
९८६०८९०५७४

पत्र संख्या: २०८२/०८३ ( प्रशासन शाखा)
चलानी नम्बर :

मिति: २०८२/१२/२० गते
ने.स.११४६, चौलाथ्व, शुक्रबार

**गणक छनौटको लागि आवेदन पेश गर्ने सूचना।**
( प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२० गते)

प्रस्तुत सम्बन्धमा श्री भूमी व्यबस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौको गरिब परिवार परिचय पत्र वितरण कार्यविधि, २०७९ तथा गरिब परिवार पहिचान गर्न परिवारको तथ्यांक संकलन सम्बन्धी मार्गदर्शन बमोजिम यस आठविसकोट नगरपालिकाको १ देखि १४ सम्मका वडाहरुमा गरिब घर परिवार पहिचान गर्न गणकहरु छनौट गरी गरिब परिवार व्यबस्थापन सूचना प्रणाली (PHMIS) मार्फत तथ्यांक संकलन गर्नु पर्ने भएको हुँदा तथ्यांक संकलन कार्य गर्न योग्यता पुगेका दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको इच्छुक नेपाली नागरिकले मिति २०८२ चैत्र ३० गते भित्र माग बमोजिमका विवरण, राजश्व तिरेको सक्कल रसिद सहित उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | माग संख्या | आवेदन दस्तुर | परिक्षा किसिम | कार्य अवधि |
|---|---|---|---|---|---|---|
| १. | ०३-२०८२/०८३ | गणक | १० (दश) जना | रू. ३००।- | अन्तरवार्ता | २ महिना |

➢ **योग्यता:-**

| पद | न्युनतम योग्यता |
|---|---|
| गणक | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनुपर्ने।<br>• आधारभुत कम्प्युटर (MS word, Excel, power point) को राम्रो ज्ञान भएको र कम्प्युटर सप्टवेयर चलाउन जान्ने र मोबाईल/ ल्यापटपमा नेपाली युनिकोड टाईप गर्न सक्ने।<br>• यस अघि गरिब परिवार व्यबस्थापन सूचना प्रणाली (PHMIS) सम्बन्धी काम गरेकोलाई प्राथामिकता दिईनेछ।<br>• आठविसकोट नगरपालिकाको स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिईने। |

➢ **आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको दुई प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्त लिखित निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

➢ **छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र अन्तर्रवार्ता परीक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खास गरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

# स्थानीय सरकार
## आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५, ९८६०८९०५७४


पत्र संख्याः २०८२/०८३ ( प्रशासन शाखा)
चलानी नम्बर :

मितिः २०८२/१२/२० गते
ने.स.११४६, चौलाथ्व, शुक्रबार

- **दरखास्त दिने अन्तिम मितिः** आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।
- दरखास्त दिने स्थानः आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) ।
- **सेवा अवधि, पारिश्रमिक तथा सेवा सुविधाः-** गरिब परिवार परिचय पत्र वितरण कार्यविधि, २०७९ तथा गरिब परिवार पहिचान गर्न परिवारको तथ्यांक संकलन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ ।
- **अन्यः** काम सँग सम्बन्धित कार्य विवरण नगरपालिकाको वेभसाईट https://aathbiskotmun.gov.np/ मा राखिएको छ साथै नगरकार्यपालिकाको कार्यालयमा पनि सम्पर्क गर्न सक्नु हुनेछ। पदपुर्ति सम्बन्धि अन्य विषय नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ र विज्ञापन सम्बन्धि सर्वाधिकार नगरपालिकामा निहित रहनेछ।

...............................
संयोजक
पदपुर्ति समिति



**E-mail:** aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com